ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 2.**
**Double Blind Peer Reviewed Research Article**

# सङ्गीतरत्नाकरमा प्रस्तुत भएको तालप्रणालीको वर्तमान प्रसङ्ग

अरुण पौडेल#*
#तबला शिक्षक, ललितकला क्याम्पस, भोटाहिटी (त्रि. वि.)।
*Corresponding Author: poudelarun91@gmail.com

**Citation:** पौडेल, अरुण (2025). सङ्गीतरत्नाकरमा प्रस्तुत भएको तालप्रणालीको वर्तमान प्रसङ्ग. *Journal of Fine Arts Campus, 7*(2). 39-49.
https://doi.org/10.3126/jfac.v7i2.98214

**लेखसार**

गायन, वादन, नृत्य प्रस्तुतिको प्रमुख आधारका रूपमा ताल अनिवार्य तत्त्व हो । ताल नै त्यस्तो विधा हो जसका कारण हरेक साङ्गीतिक प्रस्तुतिले गति प्राप्त गर्दछन् । तालको यसै महत्त्वका कारण नै धेरैजसो साङ्गीतिक ग्रन्थहरूमा ताल विधाका विषयमा संक्षेपमा वा विस्तृत रूपमा चर्चा गरिएको पाइन्छ । १३औँ शताब्दितिर रचना भएको सङ्गीतरत्नाकर ग्रन्थमा पनि तत्कालीन ताल पध्दतिको बारेमा चर्चा गरिएको छ । सङ्गीतरत्नाकर ग्रन्थमा शारङ्गदेवले तालको दशप्राणको बारेमा विस्तृत रूपमा चर्चा गरेका छन् । यी तत्व(प्राण) नै ताल निर्माण तथा प्रस्तुति कार्यका लागि अनिवार्य पक्षहरू हुन् । वर्तमान समयमा ताल प्रस्तुत गर्ने क्रममा यी तत्त्वहरूका प्रयोजन के कस्तो रहेको छ भन्ने विषयका बारेमा थप व्याख्या-विश्लेषण गर्ने उद्देश्यले यस लेख तयार पारिएको छ । यस कार्यका लागि शिर्षक अनुरूप सङ्गीतरत्नाकर ग्रन्थ र यससँग सम्बन्धित रहि विभिन्न विद्वानहरूद्वारा लेखिएका कृतिहरूका अध्ययनलाई प्रमुख आधार बनाइएको छ । पूर्वसाहित्त्यबाट प्राप्त तथ्यहरूलाई गुणात्मक शैलीमा ब्याख्या गरि विश्लेषण प्रस्तुत गरिएको छ । प्रस्तुत लेखमार्फत् गरिएको विश्लेषणले वर्तमान समयमा पनि तालका दशप्राणहरू प्रत्यक्ष-अप्रत्यक्ष रूपमा उत्तिकै प्रासङ्गिक र अध्यापि उपयोगमा रहेको तथ्य उजागर गरेको छ । यस कार्यबाट तालका अनिवार्य तत्त्वका सम्बन्धमा जानकारी लिन चाहने सबैलाई यथेष्ट सहयोग हुने अपेक्षा गरिएको छ ।

**शब्दकुञ्जी-** ताल, दशप्राण, सङ्गीतरत्नाकर, सङ्गीतविशारद ।

## परिचय

सङ्गीत भन्ने वित्तिकै सुर र ताल यी दुइ शब्दहरू हाम्रा विचारमा आउने गर्दछन्। सुरले गायन तथा वादनमा प्रयोग हुने सप्त स्वरहरू षडज, ऋषभ, गान्धार, मध्यम, पञ्चम, धैवत र निषाद (सा, रे, ग, म, प, ध, नि)का उचित प्रयोगलाई जनाउँदछ भने तालले उपर्युक्त सप्तस्वरहरूका प्रयोगलाई निश्चित गति र समयमापनमा प्रस्तुत गर्नको लागि निर्देशन प्रदान गर्दछ। यसर्थमा सङ्गीतकलाको प्रस्तुतिमा काललाई अपरिहार्य पक्षका रूपमा लिन सकिन्छ ।

सङ्गीतकलाको उत्पत्ति कहिले, कसरी भयो भन्ने विषयमा हालसम्म कुनै ठोस तथ्य प्राप्त नभए तापनि यस सम्बन्धमा धार्मिक तथा मनोवैज्ञानिक विश्लेषकहरूले आ-आफ्नै मत् प्रकट गरेका पाइन्छन् । सनातन परम्परामा विश्वास गर्ने शास्त्रकारहरूले सङ्गीतकलालाई विभिन्न देवदेवीहरू शिव, सरस्वती, ब्रह्मा, विष्णु, गणेश, कृष्ण, हनुमान, नारद लगायत दानव, किन्नर आदिसँग जोडेर व्याख्या-विश्लेषण गरेको पाइन्छ भने आधुनिक विश्लेषकहरूले मानिसको आवश्यकता तथा मानसिक व्यवहारको प्रतिफलको रूपमा सङ्गीतकलाको विकास भएको व्यक्त गर्ने गरेको अभ्यास प्रचलित रहेको छ ।

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

पूर्वीय शास्त्रकारहरूले गायन, वादन र नृत्य विधालाई सङ्गीतकलाको रूपमा परिभाषित गरेका छन् । यी तिनवटै विधाका प्रस्तुतिको अभिन्न आधारका रूपमा तालवादनको भूमिका रहि आएकोले यस संसारमा सङ्गीतकलाको उत्पत्ति सँगसँगै तालवादन पध्दतिको प्रयोग पनि समानान्तर रूपमा भएको कुरालाई नकार्न सकिँदैन । त्यसैकारणले प्राचीन, मध्य तथा आधुनिककालीन शास्त्रकारहरुले आफ्ना कृतिहरूमा गायन, वादन तथा नृत्यको बारेमा लेख्ने क्रममा तालवादनको बारेमा समेत गहनतम् रूपमा चर्चा गरेको पाइन्छ । प्राचीनकालीन सङ्गीत ग्रन्थहरू नाट्यशास्त्र, दत्तिलम्, सङ्गीतमकरन्द, बृहद्देशी लगायत मध्यकालीन सङ्गीत ग्रन्थहरूमा तालवादनसँग सम्बन्धित विभिन्न विषयवस्तुहरूका बारेमा गहन चर्चा गरिएका पाइन्छन् । यसैक्रममा १३ औँ शताब्दीतिरका प्रकाण्ड सङ्गीतज्ञ आचार्य शारङ्गदेवद्वारा नित्तान्त सङ्गीतकलामा आधारित ग्रन्थ सङ्गीतरत्नाकर रचना गरिएको हो । यसै ग्रन्थमा शारङ्गदेवले सङ्गीतकलाको क्षेत्रमा ताल विधाको महत्त्वलाई प्राधान्यता दिँदै गीत, वादन तथा नृत्य विधालाई तालवादनले मार्गनिश्चित गर्ने कुरा *"गीतं वाद्यं तथा नृत्तं यतस्ताले प्रतिष्ठितम्"* भन्दै चर्चा गरेका छन् (शारङ्गदेव, सन् २००९, पृ २) ।

सङ्गीतरत्नाकर ग्रन्थमा सङ्गीत सम्बन्धी सात अध्याय प्रस्तुत गरिएको छ जसमा व्यवस्था गरिएको ताल प्रणाली अन्तर्गत तालका दशप्राणका सम्बन्धमा व्याख्या गरिएको छ । सो तालप्रणाली तथा दशप्राणका बारेमा संक्षेपमा चर्चा गर्नुका साथै उपर्युक्त तालका दशप्राणका वर्तमान प्रयोजन के कस्ता रहेका छन् भन्ने सम्बन्धमा अध्ययन गर्नु यस लेखको प्रमुख उद्देश्य हो । वर्तमान सङ्गीत क्षेत्रमा प्रयोग भइरहेका ताल र सङ्गीतरत्नाकरमा उल्लेखित तालबिच के कस्तो तात्त्विक अन्तर रहेका छन् र उपर्युक्त देशीतालको वर्तमान प्रसङ्गका सम्बन्धमा आउने सैध्दान्तिक कौतुहलतालाई समाधान गर्नको लागि यस लेखले मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ । यस कार्यको लागि पूर्वरचित सङ्गीत कृतिहरूको अध्ययनलाई विशेष आधार बनाइएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनलाई सारमा पुर्याउनको लागि द्वितियक श्रोतमार्फत् मात्र सङ्कलन गरिएका तथ्यहरूलाई गुणात्मक शैलिमा व्याख्या र विश्लेषण गरिएको छ । विषयसँग सम्बन्धित पूर्वकार्यहरूको अध्ययनको लागि पुस्तकालयमा प्राप्त भएका ग्रन्थ, पुस्तक, लेखहरूलाई आवश्यक तथ्य सङ्कलनको लागि मूल श्रोतको रूपमा उपयोग गरिएको छ । यस अध्ययनको दायरा विशेषगरी पूर्वीय सङ्गीत पध्दतिमा दशप्राणको उपयोगमा मात्र सिमित गरिएको छ ।

## विषयप्रवेश

सङ्गीतरत्नाकर सङ्गीतकलाको सम्बन्धमा रचना गरिएको एक महत्त्वपूर्ण ग्रन्थ हो । यस ग्रन्थमा शारङ्गदेवले तत्कालीन समयमा प्रचलित गायन, वादन तथा नृत्यसँग सम्बन्धित विषयवस्तुको बारेमा गहनतम् चर्चा गरेका छन् । रचनाकारले पूर्ववर्ती विद्वानहरूले लेखेका तथ्यहरूलाई पनि आफ्नो ग्रन्थमा आवस्यकता अनुरूप व्याख्या गरेका छन् । प्रस्तुत अध्ययनलाई निम्नानुसारका उपखण्डमार्फत् चर्चा गरिएको छ ।

### सङ्गीतरत्नाकर-

मध्ययुगीन ग्रन्थहरू मध्ये, शारंगदेवको सङ्गीतरत्नाकर ग्रन्थलाई गायन, वादन र नृत्यका सिद्धान्तलाई संहिताबद्ध गर्ने एक स्मारकीय कृतिको रूपमा स्थान प्राप्त रहेको छ। यो एक संस्कृत ग्रन्थ हो जसमा सङ्गीतकला अन्तर्गतका गीत, वाद्य र नृत्यका तीन विधाहरूका सूक्ष्मताहरूलाई सात अध्यायहरूमा विभक्त गरी वर्णन गरिएको छ, त्यसैले यसलाई सप्ताध्यायी पनि भनिन्छ जसमा स्वराध्याय, रागविवेकाध्याय, प्रकिर्णाध्याय, प्रबन्धाध्याय, तालाध्याय, वाद्याध्याय र नृत्याध्याय रहेका छन् । यस ग्रन्थको पाँचौं अध्याय तालाध्यायले तत्कालीन ताल र तालवादनमा सम्बन्धित तत्समयदेखि हालसम्म प्रचलित सङ्गीतकलालाई एक व्यवस्थित निर्देशन र रूपरेखा प्रदान गर्दै आएको छ । यति मात्र नभै यस संसारमा जति पनि सङ्गीतका विधाहरू छन्

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 2.**
Double Blind Peer Reviewed Research Article

तिनका स्वर, लय र ताल पक्षका आधारभूत नियमहरूलाई समेत यस ग्रन्थले अप्रत्यक्ष रूपमा मार्गनिदेश गर्दै आएको देखिन्छ । सङ्गीतरत्नाकारमा प्रस्तुत गरिएका ताल र यसका विविध पक्षहरू तथा यिनका वर्तमान प्रासङ्गिकता बारे निम्नानुसार चर्चा गरिन्छ ।

**ताल प्रणाली-** शारङ्गदेवको समयभन्दा अघि प्राचीनतम् तालपध्दतिको प्रयोग हुने गर्दथ्यो । प्रामाणिक रूपमा इ पू २०० देखि इ सं २०० बिचतिर आचार्य भरतद्वारा रचना भएको नाट्यशास्त्रमा सर्वप्रथम मार्गी ताल प्रणालीको बारेमा चर्चा गरिएको पाइन्छ । मार्गी ताल पध्दति अनुसार २ प्रकारका तालहरू प्रचलनमा थिए : चतुरस्र र तिस्र । यी दुइ प्रकारका तालमध्ये त्यस्र ताल थप परिमार्जन भएको देखाउँदै भरतले अन्य ३ प्रकारका षटपितापुत्रक, सम्पक्वेष्टक र उध्दघट्ट तालका रूपमा परिकल्पना गरे अनुरूप चच्चत्पुट ताल (चतुरस्र – SSSIS' – ८ मात्रा), चाचपुट ताल (त्यस्र – SIIS – ६ मात्रा), षटपितापुत्रक ताल (S'ISSIS' - १२ मात्रा), सम्पक्वेष्टक ताल (S'SSSS' – १२ मात्रा) र उध्दघट्ट ताल (SSS – ६ मात्रा) गरी ५ प्रकारका तालहरूका बारेमा विस्तृत चर्चा गरेका छन् (भट्टराई, २०३९, पृ ४९५-५००)।

प्राचीनकालदेखि १३औँ शताब्दिसम्म प्रचलित उपर्युक्त ५ प्रकारमा मार्गीतालहरूका अलावा शारङ्गदेवले आफ्नो ग्रन्थ सङ्गीतरत्नाकारमा अन्य आदीताल, द्वितियकताल आदि १२० वटा तालहरूबारेमा विवरण प्रस्तुत गरेका छन् । यी १२० प्रकारका विविध नामधारी तालहरूलाई उनले देशी तालको संज्ञा दिएका छन् (Sen, 1994, p. 158) । तत्कालीन समाजमा प्रचलनमा रहेका अनेकौँ प्रकारका साङ्गीतिक प्रस्तुतिका आधारमा उनले देशी ताल पध्दतीको प्रचलनलाई अगाडि सारेका हुन्, जुन हालसम्म पनि प्रयोग हुँदै आएका छन्। देशी ताल प्रणालीमा तालहरूका बनावट तथा अङ्गलाई पनि शारङ्गदेवले थप परिष्कृत गरे । उनले देशी तालहरूमा मार्गी तालहरूमा प्रयोग भएका तालका अङ्गहरू (लघु, गुरू र प्लुत - I, S र S')का अलावा द्रुत (0), लघुविराम (I') पनि समावेश गरेर तालको रचना पक्षलाई थप फराकिलो बनाए ।

विशेषगरी १२औँ शताब्दीतिर दक्षिण एसिया खण्डमा फारसी र इस्लामिक प्रभावका बढ्दै गएका कारण यहाँका सङ्गीतकलामा यथोचित परिमार्जन र परिवर्तन आएको पाइन्छ । यसकै फलस्वरूप दक्षिण एसियामा दक्षिणी सङ्गीत शैली र उत्तरीय सङ्गीत शैलीको विकास हुनगयो । यी दुबै सङ्गीत शैलीहरूमा उपर्युक्त चर्चा गरिएका मार्गी तथा देशीतालहरूका प्रयोग र प्रयोजन तत्कालदेखि हालसम्म पनि परिमार्जित परिवर्तित तवरबाट महत्त्वपूर्ण रहँदैआएको देखिन्छ । यस प्रकारका तालप्रणाली दक्षिण एसियाका राष्ट्रहरू भारत, नेपाल, बङ्गलादेश, पाकिस्तान, अफगानिस्तानमा हाल विद्यमान उत्तरीय सङ्गीत पध्दति तथा दक्षिणीय सङ्गीत पध्दतिका लागि आधारस्तम्भका रूपमा प्रत्यक्ष-अप्रत्यक्ष किसिमले उपयोग गरिँदै आइएको देखिन्छ ।

**दक्षिण ताल प्रणाली-** सङ्गीतरत्नाकरमा उल्लेखित १२० देशीतालको ज्यादातर अवयवहरू हालको दक्षिणी भारतका केही स्थानहरू कर्नाटक, तामिलनाडु, मैसुर, केराला, आन्द्रप्रदेश आदि स्थानमा हालसम्म पनि प्रचलित रहि आएको छ । यी स्थानहरूमा प्रचलित रहेका गायन, वादन तथा नृत्यहरूमा प्राचीन-मध्यकालीन मार्गी तथा देशी तालहरूका परिमार्जित र परिवर्तित रूपहरू अध्यापि प्रचलनमा आइरहेका छन् । कर्नाटक सङ्गीत पध्दति फारसी र अरबी प्रभावहरूबाट अपेक्षाकृत अप्रभावित रहेका कारण कर्णाटक ताल पध्दतिमा प्राचीनतम शैलीमा नै फस्टाएको देखिन्छ । १६औँ शताब्दीका दक्षिण भारतीय विद्वान *"कर्नाटक सङ्गीतका पिता"* भनेर चिनिने पुरन्दरदास लगायत अन्य तत्पश्चातका मुत्थुस्वामी दिक्षितार, त्यागराजन, श्यामाशास्त्री आदि विद्वानहरूले कर्नाटक सङ्गीत प्रणालीको पनि समयसापेक्ष परिमार्जन गरे । प्राचीन समयदेखि प्रचलनमा

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 2.**
Double Blind Peer Reviewed Research Article

रहिआएका अनेकौँ देशीतालहरूलाई सात वटा प्रमुख तालमा विभाजित गरी दक्षिणी ताल पध्दतिलाई सरलिकृत तथा व्यवस्थित गरियो, जुन हाल सम्म पनि उत्तिकै प्रचलित रहि आएको छ ।

वर्तमान परिप्रेक्षमा दक्षिणी सङ्गीतकलाको क्षेत्रमा ध्रुव, अठ, मठ, एक, झम्प, रूपक, त्रिपुट गरी ७ तालहरू मुख्य रहेका छन् । यी हरेक तालमा निहित लघुको मानमा ५ जाती (तिस्र, चतुस्र, खण्ड, मिश्र र सङ्कीर्ण जाती) अनुरुप ५ परिवर्तन हुने भएकोले ७ तालका हरेकको ५-५ प्रकार हुँदा जम्मा ३५ प्रकारका तालहरू प्रचलनमा रहि आएका छन् । दक्षिणीय ताल प्रणालीमा तालका निश्चित बोल-वर्ण हुँदैनन्, तर तालको अङ्ग निश्चित हुन्छ । तालको बनावटमा पूर्वनिश्चित रूपमा रहेका अङ्गहरू (अणूद्रुत, द्रुत र लघु)का आङ्किक मान तथा लघुको आङ्किक मानका आधारमा तालको मात्रा निश्चित हुन्छ । वर्तमान समयमा दक्षिणी तालका नाम, अङ्ग, जाती, मात्राका बारेमा प्रस्ट पार्नका लागि निम्न तालिकामा प्रस्तुत गरिएको छ :

| तालको नाम | तालको अङ्ग 0 - २मात्रा ◡ - १मात्रा | तिस्र जाती लघु - ३मात्रा | चतस्र जाति लघु - ४मात्रा | खण्ड जाति लघु - ५मात्रा | मिश्र जाति लघु - ७मात्रा | सङ्किर्ण जाति लघु - ९मात्रा |
|---|---|---|---|---|---|---|
| ध्रुव ताल | I0II | ३२३३=११ | ४२४४=१४ | ५२५५=१७ | ७२७७=२३ | ९२९९=२९ |
| मठ ताल | I0I | ३२३=८ | ४२४=१० | ५२५=१२ | ७२७=१६ | ९२९=२० |
| रूपक ताल | 0I | २३=५ | २४=६ | २५=७ | २७=९ | २९=११ |
| झम्प ताल | I◡0 | ३१२=६ | ४१२=७ | ५१२=८ | ७१२=१० | ९१२=१२ |
| त्रिपुट ताल | I00 | ३२२=७ | ४२२=८ | ५२२=९ | ७२२=११ | ९२२=१३ |
| अठ ताल | II00 | ३३२२=१० | ४४२२=१२ | ५५२२=१४ | ७७२२=१८ | ९९२२=२२ |
| एक ताल | I | ३ | ४ | ५ | ७ | ९ |

**उत्तरीय ताल प्रणाली-** सङ्गीतरत्नाकरमा उल्लेखित १२० देशीतालहरूका आधारमा नै हालको उत्तरीय सङ्गीतमा प्रयुक्त हुँदै आएका तालहरूका समयसापेक्ष रूपमा सिर्जना भएको पाइन्छ । उत्तरीय सङ्गीतको क्षेत्रमा अनेकौँ तालवाद्यहरू उपयोगमा भइरहेका छन् । तर आफ्नै निश्चित तालहरू उपयोग हुने कारणले पखावज, तबला, मादल आदि हाल उपयोगमा आइरहेका प्रमुख तालवाद्यहरू हुन् । यी तालवाद्यहरूमा प्रस्तुत हुने तालहरूका तालहरूका आ-आफ्नै निश्चित रूप १७-१८औँ शताब्दिदेखि परम्परागत रूपमा चलनमा रहँदै आएका छन् । तालका ति निश्चित रूपलाई लेख्य र उच्चारण गर्ने सुबिधाका लागि निश्चित वर्णहरू तय गरिएका हुनाले हरेका तालका आ-आफ्नै निश्चित वर्ण रहिआएका देखिन्छन् । हरेक तालका निश्चित वर्णहरूका यथोचित संयोजनलाई ठेका भनिन्छ, जसले प्रत्येक तालको स्वरूपलाई अलगअलग रूपमा प्रतिनिधित्त्व गर्दछ । तालका दशप्राण अन्तर्गतका सबै तत्त्वहरू उत्तरीय ताल पध्दतिमा पनि अनिवार्य उपयोगमा रहिआएका पाइन्छन् ।

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

दक्षिणीय सङ्गीतको क्षेत्रमा हाल प्रचलित सात ताल व्यवस्थाको विपरित उत्तरीय सङ्गीतको क्षेत्रमा अनेकौं तालहरू अस्तित्वमा रहि आएका छन् (पागलदास, सन् १९९५, पृ ४०)। विषयप्रसङ्ग अनुरूप उत्तरीय सङ्गीत क्षेत्रका शास्त्रकारहरूले आ-आफ्ना मुताविक ती तालहरूका रूप (ठेका)लाई आफ्ना कृतिहरूमा उल्लेख गरेका पाइन्छन् । शास्त्रकार वसन्तले आफ्नो पुस्तक सङ्गीत विशारदमा केही प्रचलित एवं अप्रचलित गरी लगभग ३६ वटा तालका ठेकाहरू उल्लेख गरेका छन् (१९९०) । त्यस्तै, सङ्गीतशास्त्री श्रीवास्तवले ५७ वटा तालहरू (श्रीवास्तव, २००२), मिश्रले ३७ वटा ताल (सन् २००५), सेनले ३३ वटा तालहरू (सन् २००५), ताल मार्तण्ड पुस्तकमा वशिष्ठले ११८ वटा(सन् २००९), उपाध्यायले ३७ वटा तालहरू (वि सं २०५९)का ठेका सहित प्रस्तुत गरेका छन् । यसरी उत्तरीय सङ्गीत जगतमा तालहरूका सङ्ख्या निश्चित रहेको पाइँदैन ।

तालको संरचनाको सम्बन्धमा पनि सङ्गीतरत्नाकरमा उल्लेख भए वमोजिम काल, मार्ग, क्रिया, अङ्ग, ग्रह, जाति, कला, लय, यति र प्रस्तार झैं उत्तरीय सङ्गीत ताल पध्दतिमा पनि क्रमश: मात्रासङ्ख्या, मात्राकाल, विधि, ताली-खाली, विभाग, जाति, लयकारी, लय, यती र प्रस्तारको हुबहु तर केहि प्रत्यक्ष त केहि अप्रत्यक्ष रूपमा उपयोग हुँदै आइरहेको पाइन्छ । आधुनिक परिप्रेक्षमा नयाँताल र नयाँ रचनाहरूका सिर्जना पनि हुँदै आइरहेको अवस्था रहेको छ ।

**वर्तमान सन्दर्भमा तालका दशप्राणहरू**

तालको सम्बन्धमा शारङ्गदेवले आफना पूर्ववर्ति विद्वानहरूले झैं १० अपिहार्य विशेषताको बारेमा चर्चा गरेका छन् । आठौँ शताब्दितिर रचना भएको सङ्गीतमकरन्दमा नारदले "*कालोमर्गिक्रियाङ्गाणि ग्रहजातिकलालया:। यतिप्रस्तारकं चैव तालाप्राणादशस्मृता: ॥*" भन्दै काल, मार्ग, क्रिया, अङ्ग, ग्रह, जाती, कला, लय, यती र प्रस्तारलाई तालमा हुनुपर्ने प्रमुख विशेषताका रूपमा चर्चा गरेका छन् (नारद, सन् १९२०, पृ ४३)।

**१. काल-** कालको पर्याय समय हो । सामान्य अर्थमा समयको पर्याय शब्द 'काल' हो । सङ्गीतको क्षेत्रमा अखण्ड समयचक्रलाई विभिन्न अवधि र लम्बाइका आधारमा विविध कालखण्डमा गरिएको विभाजनको रूप नै ताल हो। त्यसै कारण 'काल' तालको रचनाको लागि नभइ नहुने तत्व हो । सङ्गीतरत्नाकरमा चर्चा गरे अनुसार समयको सबैभन्दा सानो समय खण्डलाई 'क्षण' र समयको सबैभन्दा ठुलो समय खण्ड 'काकपद' हो । उक्त व्यवस्था अनुसार १०० कमल पत्रहरूलाई खप्टिएर सियोले एकै पटकमा प्वाल बनाउँदा जति समय लाग्दछ त्यही समयावधि नै 'क्षण' वा 'कण' हो (सेन, २००५, पृ २७५)। यही क्षणको बढ्दो आयतन अनुसार, द्रुत, लघु, गुरू, प्लुत, काकपदको मापन तोकिएको देखिन्छ ।

आधुनिक समयमा यी कालखण्डहरूको उपयोग ताल निर्माण तथा वादनमा प्रयोग गरिएको पाइदैन। सङ्गीतरत्नाकरमा शारङ्गदेवले ५ लघु (ह्रस्व) अक्षरको उच्चारण काललाई १ मात्राकाल तोकेको कुरा "*पञ्चलघ्वक्षरोच्चारमिता मात्रेह कथ्यते*" भनिएकोबाट बुझिन्छ (सन् २००९, पृ १०)। व्यावहारिक रूपमा हाल तालको मापनको लागि मात्र, विभाग आदिको सहयोग लिएर ताल प्रस्तुत गरिन्छ । समय नाप्नको लागि समय इकाइ 'सेकेण्ड', 'मिनेट' आदि प्रयोग भए झैं तालको सन्दर्भमा, मध्य लयमा १ मात्राको काल लगभग १ सेकेण्ड अवधिलाई मान्न सकिने शास्त्रकारहरूको मत रहेको छ । आधुनिक समयमा एक मिनेटमा कति मात्रा वादन गर्ने (Beat Per Minute -BPM) भन्ने प्राविधिक पक्षलाई ताल प्रस्तुत गर्नका लागि कालको रूपमा व्यवहार गरिएको देखिन्छ ।

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 2.**
Double Blind Peer Reviewed Research Article



तालको दश प्राण

२. **मार्ग-** बाटो शब्दको पर्याय मार्ग हो । यस अर्थमा कुनै पनि तालको वादन गर्ने विधि, तरिका, पध्दति वा सिध्दान्तलाई मार्ग भनिन्छ । अर्थात् कुनै पनि तालको पहिलो मात्रादेखि अन्तिम मात्रासम्मको प्रस्तुति गर्दा अपनाइने प्रकृया नै मार्ग हो । सङ्गीतरत्नाकरमा शारङ्गदेवले ४ प्रकारका मार्गहरू: ध्रुव, चित्र, वार्तिक र दक्षिण मार्गको चर्चा गरेका छन् । सङ्गीतरत्नाकरमा चर्चा गरेअनुसार ध्रुव मार्गमा गुरु वा कलालाई एक मात्रा बराबर, चित्र मार्गमा गुरुलाई दुइ मात्रा बराबर, वार्तिक मार्गमा गुरुलाई ४ मात्रा र दक्षिण मार्गमा गुरुको ८ मात्रा बराबर मानिन्छ (शारङ्गदेव, सन् २००९, पृ ६)। आजको साङ्गीतिक क्षेत्रमा मार्गको अवलम्बन त गरिन्छ तर लयकारीका रूपमा। हाल गायन, वादन तथा नृत्यमा ठाह वा बराबर लयकारी, दुगुन लयकारी तथा चौगुन लयकारीका रूपमा मार्गको अवलम्बन गरिन्छ।

३. **क्रिया-** तालको तेस्रो तत्व क्रिया वा पात् हो । हातको ईशाराद्वारा ताल प्रदर्शन गर्ने कार्यलाई क्रिया भनिन्छ । शारङ्गदेवले क्रियालाई सशब्द(पात्) र नि:शब्द(कला) गरी दुई प्रकारले चर्चा गरेका छन् (शारङ्गदेव, सन् २००९, पृ ४)। उनका अनुसार हातले आवाज दिएर गरिने क्रिया सशब्द क्रिया हो भने बिना आवाज हातको ईशाराद्वारा ताल प्रदर्शन गर्ने क्रिया नि:शब्द क्रिया हो । उत्तर शास्त्रिय सङ्गीतमा सशब्द क्रियालाई ताली र नि:शब्द क्रियालाई खाली भनिन्छ । सङ्गीतरत्नाकरमा सशब्द क्रिया र नि:शब्द क्रियाका ४-४ प्रकारका नियमहरूको वारेमा चर्चा गरिएको छ । यी मध्ये धेरैजसो नियमहरू हाल कर्नाटक सङ्गीत क्षेत्रमा उपयोग गरिन्छ। तर उत्तरीय शास्त्रीय सङ्गीतको क्षेत्रमा भने हाल ताली र खाली क्रियाको मात्र उपयोग भैरहेको पाइन्छ।

४. **अङ्ग-** सङ्गीतरत्नाकरमा तालका विभिन्न अङ्गहरूका चर्चा गरिएका छन् । सङ्गीतमकरन्दमा *"अणुद्रुतो द्रुतश्चैव लघुर्गुरुस्तत: परम् । प्लुतश्चेति क्रमेणैव तालाङ्गानि च पञ्चधा॥"* भनिएको छ (नारद, सन् १९२०, पृ ४५)। यस अनुसार, अणुद्रुत, द्रुत, लघु, गुरु र प्लुत गरी अङ्ग ५ प्रकारका देखिन्छन् ता पनि प्रमुख अङ्गका रूपमा शारङ्गदेवले ६ वटा प्रमुख अङ्गहरू अणुद्रुत, द्रुत, लघु, गुरु, प्लुत र काकपदको प्रयोग गरेको पाइन्छ । यी प्रमुख अङ्गहरूका अलावा १० अन्य सहायक अङ्गको मेलबाट तालको निर्माण हुने विधि सङ्गीतरत्नाकरमा चर्चा गरिएको छन् जस अनुसार अणुद्रुत, द्रुत, लघु, गुरू, प्लुत र काकपद प्रमुख अङ्ग हुन् भने द्रुतविराम, लघुविराम, गुरूविराम आदि सहयोगी अङ्ग हुन् (सेन, सन् २००५, पृ २६६)। सङ्गीतरत्नाकरमा अणुद्रुतले चौथाइ मात्रा, द्रुतले आधा मात्रा, लघुले एक मात्रा, गुरूले दुइ मात्रा, प्लुतले तिन मात्रा तथा काकपदले चार मात्रालाई सङ्केत गर्ने कुरा उल्लेख गरिएको छ भने प्रमुख अङ्गसँग विरामको संयोगले प्रमुख अङ्गमा चौथाइ मात्रा थप हुने बताएका छन्, जस्तै : द्रुतविरामले पौने मात्रा, लघुविरामले सवामात्रा, गुरूविरामले सवादुइ मात्रालाई सङ्केत गर्दछ । शारङ्गदेवले पूर्ववर्ति ग्रन्थकारहरूका अनुसार नै हरेक अङ्गलाई अलगअलग चिन्हद्वारा सङ्केत निश्चित गरेका छन् जसअनुसार, अणुद्रुत, द्रुत, लघु, गुरू, प्लुत र काकपदलाई क्रमश: ◡, ०, ।, S, S' र + चिन्ह निश्चित् गरेका छन् ।

यी अङ्गहरूलाई प्राचीन तथा मध्यकालीन उत्तरीय तथा कर्णाटक(दक्षिण)सङ्गीतकलामा हुबहु उपयोग गरिने गरिन्थ्यो भने हाल कर्णाटकीय सङ्गीतमा अणुद्रुत (◡), द्रुत (0) र लघु (।) गरी तीनवटा अङ्गहरूको मात्र उपयोग गरिन्छ जसका यथोचित संयोगबाट ध्रुव, मठ, रूपक, झम्प, त्रिपुट, अठ र एकताल गरी जम्मा ७ तालको रचना भएको छ । तर उत्तरीय शास्त्रीय सङ्गीतको क्षेत्रमा तालको मात्रा, ताली, खाली, विभाग, सङ्केत आदि तालका अङ्गहरूका रूपमा प्रयोग गरिन्छ । तसर्थ आधुनिक समयमा उत्तरीय सङ्गीत पध्दतिमा यी अणुद्रुत आदि अङ्गहरूको प्रयोग नगरी देवनागरी वर्णहरू, अङ्कहरू र अन्य सङ्केतहरूको प्रयोग गरेर ताललाई लिपिवध्द गरिन्छ ।

**५. ग्रह-** शारङ्गदेवकृत सङ्गीतरत्नाकारमा *"समोऽतितोऽनागतश्च ग्रहस्ताले त्रिधा मत:"* भनि ग्रहलाई ३ प्रकारमा विभाजित गरिएको छ : सम र विसम अतित् र अनागत् ग्रह (शारङ्गदेव, सन् २००९, पृ ४१)। उनले ग्रहलाई ग्रहण गर्नु वा ग्रहण गर्ने स्थानका रूपमा व्याख्या गरेका छन् । यस अर्थमा गायन, वादन, नृत्यको प्रस्तुतिमा ताल प्रारम्भ हुने स्थान नै ग्रह हो । तालको सन्दर्भमा तालको पहिलो मात्रा वा समलाई ग्रह भनिन्छ । शारङ्देवले *"गीतादिसमकालस्तु समपाणि: समग्रह:"* भन्दै गायन-वादन-नृत्य र ताल एक साथ सुरु भएमा त्यस्तो ग्रहलाई समग्रह तथा गायन-वादन-नृत्य र ताल भिन्न भिन्न स्थानबाट सुरु भएमा विसमग्रह को संज्ञा दिएका छन् (शारङ्गदेव, सन् २००९, पृ ४२)। विसमग्रहलाई पनि उनले अतित र अनागत गरी दुइ प्रकारबाट व्याख्या गरेका छन् जसअनुसार गीतभन्दा पहिले देखापर्ने ग्रहस्थानलाई अनागत् र गीतभन्दा पछि देखापर्ने ग्रहस्थानलाई अतित भनिएको छ । तालको सन्दर्भमा भने, ताल वादन गर्दा वास्तविक सम् (तालको प्रथम मात्रा)को स्थानभन्दा अघि नै सो तालको सम प्रदर्शन गरेमा सो ग्रह अनागत ग्रह हुन्छ भने वास्तविक समभन्दा पछि सो तालको सम् प्रदर्शन गरेमा अतीत वा आगत ग्रह भनिन्छ । वर्तमान समयमा पनि गायन, वादन तथा नृत्यको क्षेत्रमा ग्रहको उत्तिकै महत्त्वका साथ उपयोग गरिन्छ। एकातिर ग्रहले गायन-वादन-नृत्यलाई एकअर्कामा समानान्तर हुन दिशानिर्देश गर्दछ भने अर्कोतर्फ ग्रहको प्रयोगले समग्र सङ्गीत प्रस्तुतिमा रसनिष्पत्ति गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ ।

**६. जाति-** सामान्य भाषामा कुनै पनि वस्तुको विशेषता, लक्षण, पहिचान, गुणलाई जाति भनिन्छ । सङ्गीतरत्नाकरमा जातिले तालको समग्र रूपलाई दर्शाएको छ । अर्को अर्थमा तालवादनमा प्रयुक्त लयका प्रकारहरूलाई जाति मानिएको छ । प्राचीन ग्रन्थ नाट्यशास्त्रका अनुसार, तिस्र र चतस्र गरी तालका जम्मा दुई जातहरू रहेका छन् । यस आधारमा ३, ६, १२, १८, २४ मात्राका तालहरू तिस्र जाति हुन् भने ४, ८, १६, ३२ मात्राका तालहरू चतुस्र जातिका ताल हुन् । नाट्यशास्त्रले निश्चित गरेको तिस्र र चतुस्र जातिलाई अझ परिष्कृत रूपमा शारङ्गदेवले पाँच जातिको अवधारणालाई थप बल प्रदान गरे । उनको अनुसार जाति पाँच प्रकारका भए: तिस्र, चतस्र, खण्ड, मिश्र र सङ्किर्ण जाति। उनको यस व्यवस्था अनुरूप ३, ६, १२, १८, २४ मात्राका तालहरू तिस्र जातिका ताल; ४, ८, १६, ३२ मात्राका तालहरू चतुश्र जातिका ताल; ५, १०, १५ मात्राका ताल खण्ड जातिका ताल; ७, १४, २१ मात्राका तालहरू मिश्र जातिका तथा ९, १८ मात्राका तालहरू सङ्किर्ण जातिका तालहरू हुन् (Mishra, 2015, p 130)। तर ९ भन्दा माथिका ११, १३, १७,

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 2.**
Double Blind Peer Reviewed Research Article

१९ वा साँढे-पौने मात्रा युक्त तालका जातिका बारेमा भने शास्त्रहरूमा केही निश्चित तोकिएको भेटिएन (पौडेल, २०८२, पृ १८६)।

वर्तमान समयमा कर्नाटक सङ्गीतको ताल प्रयोगमा उपर्युक्त जातिका हुबहु प्रयोग गरिने प्रचलन रहिआएको देखिन्छ । तर उत्तरीय सङ्गीतको क्षेत्रमा प्रयोगे हुने तालहरूका सन्दर्भमा यदाकदा मात्र जातिको प्रयोग हुने गरेको छ । केहि विद्वानहरूले जातिलाई लयकारीको पर्यायको रूपमा व्यवहार गरेको पनि देखिन्छ। उत्तरीय ताल पध्दतिमा तालहरूका दादरा, एकताल, चारताल, तीन ताल, तिलवाडा, कहरवा, झपताल, सुलताल आदि आ-आफ्नै नाम भएका कारणले जातिको प्रयोग अप्रत्यक्ष रूपमा हुने गर्दछ भने कर्णाटकीय सङ्गीतको क्षेत्रमा हाल प्रचलनमा रहेका सप्ततालका विभिन्न भेद जनाउन भने जातिको सर्वथा प्रयोग गरिन्छ । ध्रुव, अठ, रूपक, मठ, एक, झम्प र त्रिपुट नामका सात तालहरूमध्ये हरेकताललाई उपर्युक्त ५ जातिका आधारमा ३५ प्रकारका तालमा विभाजित गरी कर्नाटकीय सङ्गीत पध्दतिमा प्रयोग गरिन्छ। त्यसैगरी पाश्चात्य सङ्गीत पध्दतिमा तालका जातिस्वरूपलाई simple time, compound time का रूपमा उपयोग गरिन्छ ।

**७. कला-** सङ्गीतरत्नाकरमा कला शब्दलाई मात्रा शब्दको पर्यायको रूपमा चर्चा गरिएको छ तर विस्तृत अर्थमा कलाको अर्थ मानवको आन्तरिक भावना, विचार र कल्पनालाई सीप, शैली वा प्रविधिको माध्यमबाट व्यक्त गर्ने रचनात्मक र सौन्दर्यात्मक अभिव्यक्ति हो । त्यसैगरी भिन्न भिन्न विद्वानहरूले कलालाई अनेक अर्थमा प्रयोग गरेको पनि पाइन्छ जसअनुसार कलालाई गुरुको रूपमा वा मात्राको रूपमा, लयकारीको रूपमा, नि:शब्द क्रियाको रूपमा, लघु वर्णको रूपमा कलाको अर्थमा प्रयोग गरेको पाइन्छ ।

नाट्यशास्त्रमा भरतले एक मात्राकालमा एक वा एकभन्दा बढी वर्णको उच्चारण गर्ने विधिलाई नै कलाको संज्ञा दिएका छन्। उनले एककला, द्विकला, चतुस्कला आदिको उल्लेख गर्दै एक मात्राकालमा अनेक वर्णको प्रयोगलाई कलाको रूपमा प्रस्तुत गरेका छन् । तर सङ्गीतरत्नाकरमा ८ प्रकारका कलाको उल्लेख गरिएको छ जसअनुसार ध्रुवका, सर्पिणी, कृष्णा, पद्मिनी, विसर्जिता, विक्षिप्तिका, पताका र पतितालाई कला भनिएको छ । उनले कुनै पनि तालको मात्रा निर्धारण गर्ने विधिलाई नै कलाको रूपमा चर्चा गरेका छन् (शारङ्गदेव, सन् २००९, पृ ७) । वर्तमान परिप्रेक्षमा कलाको प्रयोग कुनै पनि तालको व्यक्तित्व प्रस्तुत गर्नको लागि अवलम्बन गरिएको पाइन्छ । कलाको प्रयोगले तालहरूबिच तात्त्विक अन्तर प्रदर्शन गर्ने कार्यमा प्रभावकारीता ल्याउँदछ ।

**८. लय-** तालको दशप्राणमध्ये अर्को तत्त्व लय हो । सामान्य अर्थमा लयले तालको गतिलाई निर्धारण गर्दछ । यस अर्थमा कुनै पनि ताल गतिबिहिन हुँदैन । शारङ्गदेवले लयको अर्थ सम्बन्धमा "...*क्रियानन्तरविश्रान्तिर्लय: स त्रिविधो मत: द्रुतो मध्यो विलम्बश्च*..." भनि उल्लेख गरेका छन् (शारङ्गदेव, सन् २००९, पृ ३४-३५)। उनको भनाइमा क्रियाहरू बिचको अन्तर वा अवधिलाई लय हो जुन द्रुतलय, मध्यलय र विलम्बितलय गरी ३ प्रकारको हुन्छ । यस अर्थमा कुनै दुई वा बढी क्रियाहरूको बिचमा हुने नियमित किसिमको विश्रान्ती लय भन्न सकिन्छ । शारङ्गदेवले विलम्वित लयको दुइगुणा मध्य र मध्यको दुइगुणा द्रुत लय हुने कुरा उल्लेख गरेका छन् (शारङ्गदेव, सन् २००९, पृ ३५)।

उपरोक्त चर्चाअनुसार तालको अभिन्न तत्त्वको रूपमा लयको भूमिका रहने हुनाले लयबिना तालको कुनै अस्तित्त्व रहँदैन। लयले कुनै पनि ताललाई प्राणका रूपमा गतिमान बनाउन अपरिहार्य भूमिका खेल्दै आएको छ।

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 2.**
**Double Blind Peer Reviewed Research Article**

एक लयलाई अर्को लयसँग विभिन्न तरिकाले उपयोग गर्ने कलालाई लयकारी भनिन्छ (पौडेल, २०८२, पृ १८६)। लय र लयकारीको प्रयोग आदि कालदेखि अनादि कालसम्म सङ्गीतकलाको क्षेत्रमा अनिवार्य र अपरिहार्य तत्त्वको रूपमा रहिआएको छ । लय, र यसका प्रकार तथा प्रयोगका सम्बन्धमा प्राचीनकालदेखि हालसम्मका विद्वानहरूको एकै किसिमको मत रहीआएको छ ।

**९.यति-** साहित्त्यमा यतिको अर्थ विश्राम हुन्छ भने सङ्गीतकलामा यतिको अर्थ लय प्रयोग हुन्छ । यस सम्बन्धमा सङ्गीतरत्नाकरमा "*लयप्रवृत्तिनियमो यतिरित्यभिधीयते"* भनिएको छ(शारङ्गदेव, सन् २००९, पृ ३९)। शारङ्गदेवले विभिन्न लयहरूको प्रयोग गर्ने नियमलाई यति भनि अर्थ लगाएका छन् । अर्थात् द्रुत, मध्य, विलम्बित लयहरूका यथोचित प्रयोग गर्ने कला नै यति हो । शारङ्गदेवले पनि पूर्ववर्ती विद्वानहरूको नै अनुशरण गर्दै "*समा स्रोतोगता चान्या गोपुच्छा त्रिविधेति सा"* भनेका छन् (शारङ्गदेव, सन् २००९, पृ ३९)। उनको भनाइ अनुसार समा, स्रोतोगता र गोपुच्छा यतिका ३ प्रकार हुन् । समा यतिमा तालका वर्णहरूलाई समान गति वा लयमा प्रस्तुत गरिन्छ । त्यसैगरी स्रोतोगता यतिमा तालका वर्णहरूलाई नदि को वहाव झैँ शुरूमा द्रुतलयमा र तत्पश्चात् लयमा विलम्बितपन हुने गर्दछ भने गोपुच्छा यतिमा स्रोतोवहा यतिको विपरित शुरूमा विलम्बित र क्रमश: लय बढ्दै जाने प्रवृत्ति हुन्छ । यस अर्थमा रचनाहरूलाई विभिन्न लयमा प्रवाहित वा प्रस्तुत गर्ने विधि नै यति हो । आधुनिक शास्त्रकारहरूले यतिलाई ५ किसिममा विभाजन गरी व्याख्या गरेका छन्: समा, स्रोतोगता, गोपुच्छा, मृदङ्गा र पिपीलिका यति । हाल प्रचलित तालवादकको प्रस्तुतिमा पनि उपर्युक्त पाँचै प्रकारका यतिनियमहरूका प्रयोग हुने गरेको छ । आधुनिक समयमा विशेषगरी यतिको प्रयोग पखावज तथा तबलाका विभिन्न रचनाहरूमा प्रचुर मात्रामा भएको पाइए तापनि अन्य गायन, वादनमा समेत यसको प्रयोग हुँदैआएको छ ।

**१०. प्रस्तार-** सामान्य अर्थमा प्रस्तारको अर्थ फैलाउनु वा विस्तार गर्नु हो । सङ्गीतरत्नाकरमा तालको दशौँ अपरिहार्य तत्त्वको रूपमा प्रस्तार सम्बन्धी नियमलाई लिइएको छ । तालको सन्दर्भमा, प्रस्तार क्रियाले कुनै पनि तालमय रचनालाई फैलाउने वा विस्तार गर्ने क्रियालाई सङ्केत गर्दछ । यस नियम अन्तर्गत ताल रचनाको कुल मात्रामा कुनै अन्तर नहुने गरी तालका अङ्गहरूलाई विस्तार गर्ने गरिन्छ । अर्थात् कुनै पनि तालको मूल रचनाको, बनावटलाई नबिगारीकन त्यस तालको मात्रा, अङ्ग, क्रिया, जाति आदिमा नियमवध्द रूपमा विस्तार गरी काललाई विस्तार गर्ने कार्य नै प्रस्तार हो ।

तालको प्रस्तार गर्ने विधिका सम्बन्धमा सर्वप्रथम शारङ्गदेवले १९ वटा प्रस्तार विधि उल्लेख गरेका छन् (शारङ्गदेव, सन् २००९, पृ १९३-२४६)। उनको भनाइ अनुसार तालको मूल अङ्गहरूको आधारमा काल-प्रमाणलाई यथावत गर्दै अनेक प्रकारका अङ्ग निर्माण गर्ने विधि नै प्रस्तार हो । जस्तै: लघु मात्रा (l) लाई ŏ◡ वा 00 वा 0◡◡ वा ◡ŏ वा ◡O◡ वा ◡◡O वा ◡◡◡◡ गरी सात तरिकाले प्रस्तार गर्न सकिन्छ ।

पूरातन समयमा तालका विभिन्न अवयवहरू (मात्रा, कला, ग्रह, यति, जाति, अङ्ग, लय)लाई विभिन्न स-साना भागमा विभाजन गरी प्रस्तार गर्ने विधि प्रचलनमा थियो । वर्तमान समयमा दक्षिणी सङ्गीत पध्दतिमा उपर्युक्त प्रस्तार सम्बन्धी केही नियमहरूको मात्र परिपालना गरिन्छ भने उत्तरीय शास्त्रीय सङ्गीतमा

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 2.**
Double Blind Peer Reviewed Research Article

सबैजसो विद्वानहरूले तालको वर्ण वा बोल-रचना वा मात्रालाई उलट-पुलट(पल्टा)गरी, पुनरावृत्ति गरी प्रस्तार गर्ने गरेको पाइन्छ। यसको अलावा आधुनिक विद्वानहरूले प्रस्तारका अन्य विधि-नियमहरूका प्रचलन कायम गर्दै आएका देखिन्छ जसअनुसार, प्रस्तार गर्दा तालको स्वरूप कायम गर्नु; वर्णको सही निकास; सम्बन्धित वर्णहरूको मात्र प्रयोग गर्नु आदि रहेका पाइन्छ।

सारमा, तालको 'दशप्राण' ले सङ्गीतमा तालको संरचना र अस्तित्वलाई परिभाषित गरेको देखिन्छ। जसरी शरीरमा प्राणको आवश्यकता हुन्छ, त्यसरी नै सङ्गीतमा काललाई जीवन्त राख्न यी दश तत्वहरूको विशेष महत्त्व छ। तसर्थ कुनै पनि तालवादकले तालका यी तत्वहरूका बारेमा ज्ञान हासिल गर्नु अनिवार्य पक्ष हुन आउँदछ। यसको अध्ययनले वर्तमान कलाकारहरूलाई ताल प्रस्तुतिको वैज्ञानिक र गणितीय आधार; अनुशासन र लय-सुरको स्थिरता; रचनात्मक स्वतन्त्रता; सैद्धान्तिक स्पष्टता एवं गायन, वादन र नृत्यको समन्वयात्मक कार्य गर्नमा सहयोगीका रूपमा निर्देश गर्दछ। दशप्राणले सङ्गीतको समयलाई सूक्ष्म एकाइमा विभाजन गर्ने वैज्ञानिक पद्धति प्रदान गर्दछ। यसले कलाकारलाई कला प्रस्तुतिको दौरान योजनाबद्ध मार्ग प्रदान गर्दछ भने लयकारी तथा नवसिर्जना गर्ने कार्यमा दिशावोध गराउँदछ। यसले कलाकारलाई परम्परादेखि चलिआएका विधि-सिध्दान्तहरूका घेराभित्र रहेर पनि आफ्नो सिर्जनशीलता तथा नवप्रवर्तन देखाउन मद्दत गर्दछ। त्यसैगरी, एकातिर यसको ज्ञानले लोप हुन लागेका प्राचीन तालहरूलाई पुनर्जीवित गर्न र ती तालहरूका विशेषताहरूका बारेमा सहि मार्गको वोध गराउँदछ भने अर्कोतर्फ नयाँ पुस्ताका विद्यार्थीहरूलाई तालको गहिराइ बुझाउँदै तालको सैद्धान्तिक तथा व्यवहारिक पक्षका बारेमा महत्त्वपूर्ण जानकारी प्रदान गर्दछ।

**निस्कर्ष**

उपर्युक्त चर्चा अनुसार तालको दशप्राणहरूका महत्त्वका बारेमा प्राचीन समयदेखि नै विभिन्न ग्रन्थहरूमा उल्लेख हुँदै आएको देखिन्छ। यी तत्वहरू सङ्गीतको यस्तो आधारभूत सिद्धान्त हो, जसले तालको सम्पूर्ण संरचना, सौन्दर्य र अनुशासनलाई जीवन्तता प्रदान गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका वहन गर्दछ। प्राणी शरीर सञ्चालनका लागि प्राण आवश्यक भए झैं सङ्गीतमा तालको वैज्ञानिक र कलात्मक पक्षलाई उजागर गर्नका लागि यी दश तत्वहरूको विशेष महत्त्व छ।

यस लेखको अध्ययनले प्राचीन तथा मध्यकालीन समयमा ताल प्रस्तुतिका लागि अनिवार्य तत्त्वहरूका रूपमा तालका दशप्राणका बारेमा संक्षिप्त ज्ञान प्रदान गर्नुका साथै आधुनिक समयमा पनि ति दश तत्वहरूका परिवर्तित एवं परिस्कृत रूपमा प्रयोग हुँदै आएको कुराका बारेमा विश्लेषणात्मक वोध गराउनेछ। वर्तमान प्ररिप्रेक्षमा पनि हरेक तालवादकको प्रस्तुतिमा गणितीय शुद्धता र अनुशासन कायम गर्दै गायन, वादन र नृत्यबिच उपयुक्त समन्वय मिलाउन दशप्राणले अधिकाधिक प्रभावकारिता प्रदान गर्दै आइरहेको देखिन्छ। यसर्थमा आधुनिक सङ्गीतको सन्दर्भमा पनि तालका यी दश प्रकारका प्राणहरू उत्तिकै सान्दर्भिक छन्, जसका आधारमा नयाँ सिर्जनाहरू गर्न उपयुक्त मार्ग निर्देशन प्राप्त गर्न सकिन्छ। अतः सङ्गीतको सैद्धान्तिक बुझाइ र व्यवहारिक प्रस्तुति दुवैलाई अर्थपूर्ण बनाउन दशप्राणको ज्ञान अपरिहार्य छ। यसले आजका कलाकारलाई परम्परागत नियमभित्र रहेर पनि तालको सफल एवं प्रभावकारी प्रस्तुति गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ।

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2025, Volume 7, Issue 2.**
Double Blind Peer Reviewed Research Article

**सन्दर्भः**

उपाध्याय, होमनाथ ( वि सं २०५९). *ताल पुष्पाञ्जली.* काठमाडौँ ।

नारद (सन् १९२०). *सङ्गीतमकरन्द* (मङ्गेश रामकृष्ण तेलङ्ग, सम्पादन). बरोडा : कन्द्रीय पुस्तकालय ।

पागलदास, रामशङ्कर (सन् १९९५). *तबला कौमुदी.* ग्वालियर: रामचन्द्र सङ्गीतालय ।

पौडेल, परशुराम (वि सं २०८२). *तबला (व्याख्या एवं विश्लेषण).* काठमाडौ: अतुल स्मृति गुरुकुल ।

भट्टराई, गोविन्द प्रसाद (२०३९), *भरतमूनिको नाट्य-शास्त्र*, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

वशिष्ठ, सत्यनारायण (सन् २००९). *ताल मार्तण्ड.* हाथरस: सङ्गीत कार्यालय ।

शारङ्गदेव (सन् २००९). सङ्गीतरत्नाकर. (सुभद्रा चौधरी, अनुवाद, तृतीय खण्ड). नयाँ दिल्ली: राधा पब्लिकेसन. (मूल कृति १३औँ शताब्दि) ।

श्रीवास्तव, गिरीशचन्द्र (२००२). *ताल परिचय भाग-३.* इलाहवाद: रूबी प्रकाशन ।

सेन, अरुण कुमार (सन् २००५). *भारतीय तालों का शास्त्रीय विवेचन*(तृतीय संस्करण). भोपाल: मध्यप्रदेश हिन्दी ग्रन्थ अकादमी।

Mishra, V. S. (2015). The art and science of tabla playing. India: Ministry of Information and Broadcasting.

Sen, A. K. (1994). *Indian concept or rhythm*. New Delhi: Kanishka Publishers.

Journal homepage: https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email : journalfinearts@gmail.com